नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
**तथ्याङ्क समन्वय कार्यालय, सुर्खेत**

पत्र संख्याः २०८३/८४ वीरेन्द्रनगर
चलानी नं.: ४२ मितिः २०८३/०५/०८
ने.स. ११४६, गुंलाथ्व द्वादशी

**विषयः स्थानीय तहको प्रोफाईल तयारीको लागि प्रस्ताव माग गरिएको सम्बन्धमा ।**

श्री स्थानीय तहहरू सबै
दैलेख, जाजरकोट, रूकुमपश्चिम, सल्यान र सुर्खेत जिल्ला

प्रस्तुत विषयमा चालु आ.व. २०८३/८४ मा यस कार्यालयले कार्यालयको कार्यक्षेत्र (दैलेख, जाजरकोट, रूकुमपश्चिम, सल्यान र सुर्खेत जिल्ला) भित्रका तीन वटा स्थानीय तहहरूको प्रोफाईल (विद्युतीय प्रति) तयार गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक स्थानीय तहहरूले यो २०८३ भाद्र मसान्त भित्र यसैसाथ संलग्न भए बमोजिमको ढाँचामा प्रस्ताव पत्र पेश गर्नुहुन सादर अनुरोध छ ।

*पुनश्चः*
*प्रस्ताव पत्र कार्यालयको इमेल वा प्रत्यक्ष रूपमा तोकिएको समय भित्र पठाउन सकिनेछ ।*
*कार्यालयको इमेलः scosurkhet@nsonepal.gov.np, statsurkhet@gmail.com*
*सम्पर्क नम्बरः ०८३-५२०२०४, ९८५८०६०२०४, ९८५८०७०२०४, ९८५७८३०२३८*
*कार्यालयको वेबसाईटः scosurkhet.nsonepal.gov.np*

विनोद आचार्य
तथ्याङ्क समन्वय अधिकारी

# पालिकाले पेश गर्ने प्रस्तावपत्रको नमुना

## ................. नगर/गाउँ कार्यपालिकाको कार्यालय

## ...............................................

**मितिः** २०८३/..../....

श्री तथ्याङ्क समन्वय कार्यालय,
वीरेन्द्रनगर, सुर्खेत।

**विषयः पालिका प्रोफाइल (विद्युतीय प्रति) तयारीका लागि प्रस्ताव पत्र।**

ताँहा कार्यालयबाट मिति २०८३/..../.... मा प्रकाशित सूचना अनुसार ताहाँ कार्यालयको चालु आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तयार गरिने **'पालिका प्रोफाइल (विद्युतीय प्रति) तयारी'** को लागि देहाय अनुसारका विवरण सहित यो प्रस्ताव पत्र पेश गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १ | प्रोफाइलको अवस्था | हालसम्म तयार नभएको | |
| | | ५ बर्ष वा सो भन्दा अगाडी तयार भएको | |
| | | ५ बर्ष भित्र तयार भएको | |
| २ | प्राविधिक पूर्वाधार | प्राविधिक जनशक्ति (तथ्यांक, सूचना प्रविधि, कम्प्युटर, योजना) भए नभएको ? | |
| | | कम्प्युटर, इन्टरनेट आदिको पर्याप्तता छ छैन ? | |
| ३ | प्रतिबद्धता र लागत सहभागिता | आवश्यक सहयोग र लागत सहभागिता (छलफल, बैठक आदि) को लागि पालिका प्रतिबद्ध छ छैन ? | |
| ४ | सुगम- दुर्गमको आधारमा स्थानीय तहको वर्गिकरण | अति दुर्गम, दुर्गम, मध्यम र सुगम मध्ये कुन हो ? | |
| ५ | पालिकामा तथ्याङ्क एवं अभिलेख ब्यवस्थापनको अवस्था | जनसांखिक, आर्थिक, सामाजिक आदि तथ्याङ्क एवं सूचनाको अभिलेख राख्ने गरे नगरेको ? | |
| | | प्रशासनिक अभिलेखहरूको सुरक्षा एवं भण्डारणको अवस्था कस्तो छ ? | |

..................................................
प्रमुख प्रशासकीय अधिकृतको दस्तखतः
नाम, थरः
मोवाइल नंः

..................................................
नगर प्रमुख/गा.पा. अध्यक्षको दस्तखतः
नाम, थरः
मोवाइल नंः